# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय
# डीनको कार्यालय
## बल्खु, काठमाडौं ।

मितिः २०७६/१०/२६

## BCA पहिलो र तेस्रो सेमेस्टरको सत्रान्त परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना

त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित शैक्षिक वर्ष २०७५/२०७६ को BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत **तेस्रो** सेमेस्टर र शैक्षिक वर्ष २०७६/२०७७ को BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत **पहिलो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त परीक्षा कार्यक्रम मिति २०७६ साल चैत्र अन्तिम हप्ताबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई वि.सं. २०७६ साल फागुन २१ गते सम्ममा आ-आफ्नै क्याम्पसमा परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ । साथै, सम्बन्धित क्याम्पसहरुले फारामहरु रुजु गरी अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई प्रति विद्यार्थी रु. २५००/- (दुई हजार पाँच सय) का दरले यस सङ्कायको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको चल्ती खातामा जम्मा गरी सक्कल भौचर सहित अनिवार्य रुपले फागुन २६ गतेभित्र यस कार्यालयमा पठाउनुहुन समेत अनुरोध गरिन्छ ।

**पुनश्च** :

१. परीक्षा आवेदन फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यस कार्यालयको Website: www.tufohss.edu.np बाट Download गरी प्राप्त गर्न सकिने छ ।

२. निर्धारित समयावधिभित्र परीक्षा फाराम नभरेका विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमा मिति २०७६/११/२८ र २९ गते विलम्ब शुल्क (रु. ५०००/) तिरी फाराम बुझाउनु पर्नेछ र क्याम्पसले २०७६/११/३० गते यस कार्यालयमा पठाउनु पर्नेछ ।

३. विद्यार्थीहरुको आन्तरिक मूल्याङ्कन छुट्टै खाममा सिलबन्दी गरी पठाउनु पर्ने छ । आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क प्राप्त नभएका परीक्षार्थीहरूको परीक्षा फाराम बुझिने छैन ।

४. प्रयोगात्मक परीक्षा तथा Viva वि.सं. २०७६ साल फागुन १५ गतेदेखि २८ गतेसम्म सम्बन्धित क्याम्पसमा नै सञ्चालन हुने छ । प्रयोगात्मक परीक्षा शुल्क प्रति विद्यार्थी रु. १५००/- निर्धारण गरिएको छ ।

५. परीक्षार्थीहरूले त्रि.वि. दर्ता नं. अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. दर्ता नं. नभएका परीक्षार्थीहरूको परीक्षाफल प्रकाशित नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सहायक डीन**